जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक ३५५ • २०८३ असोज २७ गते मंगलवार • 13 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम तथा जात्राहरू सञ्चालन गर्दा सुरक्षा योजनाको पूर्ण पालना गर्न आग्रह




**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ असोज**

नेपालीहरूको महान् चाड बडादशैं, दीपावली तथा छठ पर्वलाई सुरक्षित, मर्यादित र शान्तिपूर्ण बनाउन जिल्ला प्रशासन कार्यालय महोत्तरीले विभिन्न प्रतिबन्धात्मक व्यवस्था लागू गरेको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले सोमबार सूचना जारी गर्दै मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम तथा जात्राहरू सञ्चालन गर्दा स्वीकृत एकीकृत सुरक्षा योजनाको पूर्ण पालना गर्न सम्बन्धित सबैलाई आग्रह गरेको हो । सहायक प्रमुख जिल्ला अधिकारी संजय कुमार पोखरेलद्वारा जारी सूचनामा मेला, महोत्सव तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्नुअघि सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्ने र जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायसँग अनिवार्य समन्वय गर्नुपर्ने उल्लेख छ । कार्यक्रमका आयोजकलाई सुरक्षाको पूर्ण जिम्मेवारी लिनसमेत प्रशासनले सचेत गराएको छ ।

प्रशासनले सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम राति १० बजेपछि सञ्चालन गर्न रोक लगाएको छ। उच्च आवाजमा डिजे तथा बाजागाजा बजाएर ध्वनि प्रदूषण गर्ने र अश्लील गतिविधि प्रदर्शन गर्ने कार्यसमेत निषेध गरिएको छ। त्यस्तै, पटका, भुइँचम्पा तथा आतिसबाजीजस्ता जनस्वास्थ्य र सुरक्षामा जोखिम पुऱ्याउने प्रज्वलनशील एवं विस्फोटक पदार्थको आयात, बिक्री वितरण र प्रयोगमा पूर्ण प्रतिबन्ध लगाइएको सूचनामा उल्लेख छ। चाडपर्वका बेला जुवातास, सट्टेबाजी तथा अवैध मदिराको कारोबार नगर्न पनि प्रशासनले आग्रह गरेको छ।

मादक पदार्थ सेवन गरेर सवारीसाधन नचलाउन, ट्राफिक नियमको पालना गर्न तथा सडक आवागमनमा अवरोध नपुऱ्याउन सर्वसाधारणलाई सचेत गराइएको छ । छठ पर्वका अवसरमा नदी, पोखरी तथा अन्य जलाशयमा पूजा गर्दा विशेष सतर्कता अपनाउन र बालबालिका तथा ज्येष्ठ नागरिकको उचित रेखदेख गर्न प्रशासनले अनुरोध गरेको छ। मूर्ति विसर्जनको मार्गसमेत स्थानीय प्रशासनसँगको समन्वयमा निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसैगरी, अनलाइन वित्तीय ठगीबाट बच्न ओटीपी र पासवर्ड गोप्य राख्न, सामाजिक सञ्जालमा भ्रामक सूचना तथा धार्मिक र साम्प्रदायिक सद्भाव बिगार्ने सामग्री प्रकाशन वा प्रसारण नगर्न प्रशासनले आग्रह गरेको छ । चाडपर्व मनाउन घर वा पसल बन्द गरेर बाहिर जाँदा सुरक्षित ताल्चा लगाउन, देउँसीभैलो मर्यादित रूपमा सञ्चालन गर्न र मेला तथा उत्सवस्थलमा सरसफाइ कायम राख्नसमेत सूचनामार्फत अनुरोध गरिएको छ। जारी निर्देशन उल्लङ्घन गरी गैरकानुनी वा अवाञ्छित गतिविधि गरे वा गराएमा प्रचलित कानुन बमोजिम कडा कारबाही गरिने प्रशासनले चेतावनी दिएको छ । कुनै शङ्कास्पद गतिविधि देखिएमा नजिकको प्रहरी कार्यालयमा तत्काल जानकारी गराउनसमेत सर्वसाधारणलाई आग्रह गरिएको छ ।

# दैनिक जीवनयापनमा सहयोग पुर्याउने उद्देश्यले ह्वीलचेयर वितरण

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ असोज**



महोत्तरीको मटिहानी नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको सहज आवागमन तथा दैनिक जीवनयापनमा सहयोग पुर्याउने उद्देश्यले ह्वीलचेयर वितरण कार्यक्रम सुरु गरेको छ । नगरपालिकामा आयोजित एक कार्यक्रमबीच नगर प्रमुख हरिप्रसाद मण्डलले ह्वीलचेयर वितरण कार्यक्रमको शुभारम्भ गरेका हुन् ।

स्वास्थ्य कार्यालय महोत्तरीबाट प्राप्त ह्वीलचेयर मटिहानी नगरपालिकाभित्रका ४० जना शारीरिक अशक्तता भएका व्यक्तिलाई वितरण गरिने नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख पवनकुमार मण्डलले जानकारी दिए । ह्वीलचेयरको अभावमा आवागमनमा कठिनाइ भोगिरहेका व्यक्तिहरूलाई यसबाट राहत पुग्ने विश्वास गरिएको छ ।

ह्वीलचेयर वितरणले उनीहरूको दैनिक गतिविधि सहज बनाउनुका साथै आत्मनिर्भरता र सामाजिक सहभागिता बढाउन समेत सहयोग पुग्ने विश्वास गरिएको छ । कार्यक्रममा मटिहानी स्वास्थ्य चौकीका मेडिकल अधिकृत कृष्णकुमार परियार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा दास, सूचना तथा प्रविधि अधिकृत जयकुमार यादव, सि.अ.हे.व. अधिकृत नागेश्वर पाण्डे, जनस्वास्थ्य अधिकृत स्मृतिलगायत स्थानीयवासीहरूको उपस्थिति रहेको थियो । स्वास्थ्य कार्यालय महोत्तरीको सहयोग तथा मटिहानी नगरपालिकाको समन्वयमा सञ्चालन गरिएको यस कार्यक्रमले नगर क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापन सहज बनाउन र उनीहरूको गतिशीलता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

# पाँचदिने सांकेतिक भाषा सम्बन्धी तालिम सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ असोज**



बहिरा तथा कम सुन्ने बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्रोत कक्षाका शिक्षकलाई लक्षित गरी आयोजना गरिएको पाँचदिने सांकेतिक भाषासम्बन्धी तालिम सम्पन्न भएको छ । प्रादेशिक शिक्षा तालिम केन्द्र बाराको आयोजना तथा टेक्सस परियोजनाको प्राविधिक सहयोगमा महोत्तरीको बर्दिबासमा सञ्चालन गरिएको तालिममा धनुषा, रौतहट र महोत्तरीका परियोजनाअन्तर्गतका विद्यालयमा कार्यरत २६ जना शिक्षक सहभागी थिए । सहभागीमध्ये १२ जना बहिरा शिक्षक रहेको आयोजक संस्थाले जानकारी दिएको छ ।

तालिमका प्रशिक्षक प्रकाश रेग्मीले बहिरा विद्यार्थीको रुचि, क्षमता र आवश्यकताअनुसार शिक्षण विधि प्रयोग गर्ने तरिकाबारे सांकेतिक भाषामार्फत प्रशिक्षण दिइएको बताउनुभयो । उहाँले विद्यार्थीको सिकाइलाई सहज र प्रभावकारी बनाउन दृश्य सामग्री तथा सञ्चारका वैकल्पिक विधिको प्रयोग महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँका अनुसार तालिममा समावेशी शिक्षासम्बन्धी सरकारी नीति तथा व्यवस्था, बहिरोपन र कम सुन्ने अवस्थाको पहिचान, नेपाली सांकेतिक भाषा, दृश्य सामग्रीको प्रयोग तथा सञ्चारका वैकल्पिक विधिबारे जानकारी दिइएको थियो ।त्यस्तै, बालबालिकाको आवश्यकता र क्षमताअनुसार शिक्षण गर्ने तरिका, पाठ्यक्रम अनुकूलन, लैङ्गिक उत्तरदायी शिक्षण, विश्वव्यापी सिकाइ ढाँचा (यूडीएल) र व्यक्तिगत शैक्षिक योजना (आईईपी) निर्माणसम्बन्धी विषयमा पनि अभ्यास गराइएको थियो ।

तालिमका अर्का प्रशिक्षक विजय तामाङ्ले सहभागी शिक्षकलाई सैद्धान्तिक ज्ञानका साथै समूह छलफल, नमुना प्रदर्शन, व्यावहारिक अभ्यास र अनुभव आदानप्रदान मार्फत सिकाइका विधि कक्षाकोठामा प्रयोग गर्न सक्षम बनाउने प्रयास गरिएको बताउनुभयो ।






# सुरक्षित हिमाली नेपाल निर्माणको जरुरी

प्रधानमन्त्री वालेन शाहले संयुक्त राष्ट्रसंघको महासभामा प्रस्तुत गर्नुभएको नेपाल, भारत र चीनको संयुक्त 'क्लाइमेट रेजिलेन्स इनिसियटिभ' को अवधारणालाई अब कागजातमा मात्र सीमित नराखी व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याउन त्यसको मस्यौदा, कार्यक्षेत्र र कार्ययोजना तयार गरी कूटनीतिक नियोग/माध्यम (प्रयोग गरेर भारत र चीन सरकारसँग संवाद थालनी गर्नुपर्ने देखिन्छ। हिमाली क्षेत्रमा निम्तिने यस्ता महाविपद्हरू कुनै एउटा देशको सीमाभित्र मात्र सीमित नरहने र यसको असर तल्लो तटीय क्षेत्र भारतसम्मै पुग्ने भएकाले, नेपाल एक्लैले यसको दीर्घकालीन समाधान गर्न नसक्ने देखिन्छ । भोटेकोशी बाढीपछिको पुनर्निर्माण र पुनर्स्थापनाको कामलाई विगतका जस्तै परम्परागत र टालटुले तरिकाले अगाडि बढाउने गल्ती राज्यबाट हुनु हुँदैन । यदि हामीले माथि उल्लेख गरिएका पाँच वटा आधारभूत स्तम्भहरू अर्थात् इकोनोमिक करिडोर प्लानिङ, इन्टर बेसिन रिस्क इन्टेलिजेन्स, बहुप्रकोपीय जोखिममा आधारित इन्जिनियरिङ, विशिष्टीकृत निर्देशनालय मार्फत 'लस एन्ड ड्यामेज' को सम्बोधन र त्रिदेशीय क्लाइमेट रेजिलेन्स इनिसियटिभलाई गम्भीरतापूर्वक नीतिगत र व्यावहारिक रूपमा लागू गर्न सक्यौं भने मात्र हामीले यो विपद्मा ज्यान गुमाएका र विस्थापित भएका नागरिकहरूप्रति सच्चा न्याय गर्न सक्नेछौं । अन्यथा, आगामी दिनहरुमा पनि यस्तै प्रकृतिको अर्को महाविपद् दोहोरिने र पुनः ठुलो जनधनको क्षति बेहोर्नुपर्ने नियतिबाट हामी उम्कन सक्ने छैनौं । तसर्थ, यो विनाशलाई एउटा चेतना र अवसरका रूपमा लिएर नयाँ र सुरक्षित हिमाली नेपालको निर्माणतर्फ लाग्नु नै आजको मुख्य आवश्यकता रहेको देखिन्छ ।

# ट्राफिक नियम उल्लङ्घन गरी चलाइएका २४ वटा मोटरसाइकल नियन्त्रणमा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २६ असोज**

चाडपर्व लक्षित सुरक्षा योजना अन्तर्गत धनुषा प्रहरीले ध्वनि प्रदूषण गर्ने तथा ट्राफिक नियम उल्लङ्घन गरी चलाइएका २४ वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ।



जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार दुर्घटना न्यूनीकरण तथा ट्राफिक व्यवस्थापन अभियान अन्तर्गत जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न स्थानबाट ती मोटरसाइकल नियन्त्रणमा लिइएको हो । प्रहरीका अनुसार ठूलो आवाज निकाल्ने, तीव्र गतिमा जिगज्याग शैलीमा मोटरसाइकल चलाउने, मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने तथा स्वरूप परिवर्तन (मोडिफाइ) गरिएका मोटरसाइकलहरू कारबाहीको दायरामा ल्याइएको हो । नियन्त्रणमा लिइएका मोटरसाइकल मध्ये केहीमा नम्बर प्लेट नभएको र एउटा परीक्षण नम्बर प्लेट प्रयोग गरिएको मोटरसाइकलसमेत रहेको प्रहरीले जनाएको छ ।

ती मोटरसाइकलमाथि आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ । चाडपर्वका बेला सवारीसाधनको चाप बढ्ने र लापरबाहीपूर्ण सवारी सञ्चालनका कारण दुर्घटनाको जोखिमसमेत बढ्न सक्ने भएकाले प्रहरीले ट्राफिक व्यवस्थापन तथा सुरक्षा अभियानलाई तीव्रता दिएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले ट्राफिक नियमको पूर्ण पालना गरी सवारीसाधन चलाउन जिल्लावासीलाई आग्रह गरेका छन् ।

# नेपालमा हरेक वर्ष करिब २० हजार मानिसलाई सर्पले त्यसमध्ये १ हजारको मृत्यु हुने गरेको तथ्याङ्क

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २६ असोज**

नेपालमा हरेक वर्ष करिब २० हजार मानिसलाई सर्पले टोक्ने गरेको र त्यसमध्ये करिब एक हजार जनाको मृत्यु हुने गरेको एक तथ्याङ्कले देखाएको छ । सप्तरीको राजविराजमा सोमबार फेयरमेडको साझेदारीमा सञ्चालित सङ्कल्प परियोजना अन्तर्गत सबल नेपालले आयोजना गरेको उपेक्षित उष्णप्रदेशीय रोग (एनटीडी) सम्बन्धी सञ्चारकर्मीसँगको एक दिने अन्तरक्रिया कार्यक्रममा यस्तो तथ्याङ्क प्रस्तुत गरिएको हो ।



विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क प्रस्तुत गर्दै जनस्वास्थ्यकर्मी कैलाश खाकी श्रेष्ठले सर्पदंशबाट नेपालमा हरेक वर्ष एक हजार जनाको मृत्यु हुने गरेको बताउनुभयो । उहाँले मृत्यु न्यूनीकरण गर्न समयमै उपचार, विषालु सर्पको पहिचान र सर्पदंशबाट बच्ने उपायबारे समुदायस्तरमा सचेतना फैलाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँका अनुसार नेपालमा पाइने ८९ प्रजातिका सर्पमध्ये १७ प्रजातिका सर्प विषालु छन् । सर्पले टोकेमा झारफुकमा समय खेर नफाली तत्काल नजिकको स्वास्थ्य संस्थामा लैजानुपर्ने उहाँले बताउनुभयो । "सर्पले टोक्दैमा ज्यानै जाँदैन, धैर्यतापुर्व सर्पदंश उपचार केन्द्रमा गएर समयमै उपचार गराएर ज्यान जोगाउन सकिन्छ" उहाँले भन्नुभयो । कार्यक्रममा फेयरमेडकी सिनियर मिल अधिकृत रुषा उपाध्यायले सप्तरीका छ स्थानीय तहमा उपेक्षित उष्णप्रदेशीय रोगको पहिचान, उपचार र रोकथामका लागि कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभयो । हनुमाननगर कंकालिनी नगरपालिका तथा विष्णुपुर, तिरहुत, तिलाठी कोइलाडी, छिन्नमस्ता र राजगढ गाउँपालिकामा सञ्चालन भइरहेको परियोजनाले रोगीको खोजी, उपचारमा सहजीकरण र रोगबाट बच्ने उपायबारे समुदायमा सचेतना फैलाउने काम गरिरहेको उहाँले बताउनुभयो । उहाँका अनुसार कुष्ठरोग, सर्पदंश, हात्तीपाइले, लुतो, माटोबाट सर्ने जुका, रेबिज, कालाजार, डेंगु, फित्तेजुका, खस्रेरोग र माइसेटोमा गरी ११ प्रकारका रोगलाई परियोजनाले प्राथमिकतामा राखेको छ ।




## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता

वृष: विचार गरेर बोल्नुहोला

मिथून: मित्रतामा फाटो आउने

कर्कट: लामो यात्राको योग छ

सिंह: मनमा पछुतो आउने

कन्या: आम्दानी हुने

तुला: पिछडेको साथी मिल्ने

वृश्चिक: शुभ कार्यको शुरुवात

धनु: खानपानमा समस्या आउने

मकर: अनावश्यक खर्चको संभावना

कूम्भ: अशुभ समाचार प्राप्त हुने

मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पाकिस्तानमा खानको पार्टीका २७८ सदस्य पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ असोज**

पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तमा आपत्कालीन शासन लागू भएपछि जेलमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानको पार्टी पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआइ) का २७८ सदस्यलाई प्रहरीले हिरासतमा लिएको छ ।

दुई प्रहरी अधिकारीका अनुसार खानको रिहाइको माग गर्दै आइतबार भएको सरकारविरोधी प्रदर्शनपछि प्रान्तमा आपत्कालीन शासन घोषणा गरिएको थियो । नाम सार्वजनिक नगर्ने सर्तमा उनीहरूले आइतबारदेखि पार्टीका सदस्यहरूलाई हिरासतमा लिइएको जानकारी दिएका हुन् । खानका समर्थकहरूले कठोर आर्थिक अवस्थाप्रति असन्तुष्टि जनाउँदै सरकारविरोधी प्रदर्शन गरिरहेका छन् । हजारौं समर्थक खैबर पख्तुनख्वामा पदयात्रामा सहभागी भइरहेका बेला प्रान्तमा आतङ्कवादी हिंसा पनि बढिरहेको छ । विशेषगरी अफगानिस्तानसँगको सीमावर्ती क्षेत्रमा सुरक्षा चुनौती गम्भीर बनेको छ । पीटीआईले प्रान्तका मुख्यमन्त्री सोहेल अफ्रिदीलाई राष्ट्रपतिले असाधारण संवैधानिक उपाय घोषणा गरेको केही घण्टापछि पक्राउ गरिएको जनाएको छ । एक प्रशासनिक अधिकारीका अनुसार उहाँलाई आधिकारिक निवासमा 'सुरक्षात्मक हिरासत' मा राखेर पछि अर्को स्थानमा सारिएको थियो ।

अधिकारीले उहाँलाई कहाँ सारिएको हो भन्ने खुलाउन अस्वीकार गरेका छन् । खैबर पख्तुनख्वा पीटीआईको बलियो आधार क्षेत्र हो । पाकिस्तान सरकारले सुरक्षा अवस्थामा सुधार नआएसम्म त्यहाँको पीटीआई नेतृत्वको सरकार प्रभावकारी रूपमा सञ्चालन हुन नसक्ने जनाएको छ । सङ्घीय सरकारले प्रान्तीय प्रशासन आतङ्कवादी गतिविधि नियन्त्रण गर्न असफल भएको आरोप लगाउँदै आपत्कालीन शासन आवश्यक भएको दाबी गरेको छ । पीटीआईले भने संवैधानिक उपायको विरोध गर्दै त्यसलाई अलोकतान्त्रिक कदम र सङ्घीय सरकारको सत्ता कब्जाको प्रयास भनेको छ ।

पूर्वक्रिकेट खेलाडीसमेत रहेका खान सन् २०२३ अगस्टदेखि जेलमा छन् । सन् २०२३ मेमा भएका सरकार र सैन्य प्रतिष्ठानविरोधी हिंसात्मक प्रदर्शनपछि उनले भ्रष्टाचार र हिंसा भड्काएको लगायतका आरोप सामना गरिरहेका छन् ।

# जनकपुरको विकास र समृद्धिका लागि प्रतिबद्ध छु : पूर्वमन्त्री साह

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २६ असोज**



पूर्वमन्त्री दीपक कुमार साहले जनकपुरधामलाई प्राचीन धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सहर का रूपमा विश्वस्तरमा स्थापित गर्दै यसको सर्वाङ्गीण विकास र समृद्धिका लागि आफू निरन्तर प्रतिबद्ध रहेको बताउनुभएको छ। जनकपुरधाम उपमहानगर पालिका-३ स्थित माँ भगवती स्थानमा आयोजित बडादशैँ, दीपावली तथा छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले जनकपुरधामका ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका ५२ कुण्ड र विभिन्न मठमन्दिरको खोज, अनुसन्धान, संरक्षण तथा एकीकृत विकास गरी विश्व सम्पदा सूचीमा सूचीकृत गराउन ठोस पहल गर्नुपर्नेमा जोड दिनुभयो। जनकपुरधामलाई 'कुण्डै कुण्डको सहर' का रूपमा स्थापित गर्दै जानकी मन्दिर लगायत धार्मिक स्थलको प्रचार प्रसार र पर्यटकीय आकर्षण बढाउन सके स्थानीयस्तरमा रोजगारी सिर्जना हुनुका साथै आर्थिक समृद्धिमा समेत योगदान पुग्ने उहाँको भनाइ थियो। उहाँले बडादशैं, दीपावली तथा छठ पर्वले समाजमा आपसी सद्भाव, भ्रातृत्व र एकता सुदृढ बनाउने उल्लेख गर्दै सम्पूर्ण देशवासी, मधेशवासी तथा जनकपुरवासीमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिको शुभकामना व्यक्त गर्नुभयो। साथै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तथा बालेन्द्र शाह (बालेन) को नेतृत्व र सहकार्यबाट देशमा सकारात्मक राजनीतिक परिवर्तन र विकासको नयाँ वातावरण निर्माण हुने अपेक्षा व्यक्त गर्नु भयो ।

# निलम्बनमा रहेका मधेश प्रदेशसभा सदस्य अभिराम शर्माको निलम्बन फुकुवा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २६ असोज**



कर्तव्य ज्यान मुद्दामा निलम्बनमा रहेका मधेश प्रदेशसभा सदस्य अभिराम शर्माको निलम्बन फुकुवा भएको छ । मधेश प्रदेशसभा सचिवालयले सोमबार सूचना जारी गर्दै शर्माको निलम्बन फुकुवा गरिएको जनाएको हो ।

प्रदेशसभा सचिवालयका सचिव बासुप्रसाद कोइरालाद्वारा जारी सूचनाअनुसार, २०८३ साल असोज २६ गतेदेखि लागू हुने गरी सभामुख रामअशिष यादवले शर्माको निलम्बन फुकुवा गरेका छन् । नेपाल सरकार वादी र अभिराम शर्मासमेत प्रतिवादी रहेको कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतले शर्मालाई २०८३ साल मंसिर २३ गतेको साधारण तारेख दिएको सूचनामा उल्लेख छ। सर्वोच्च अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (२) बमोजिम प्राप्त सुविधाका आधारमा शर्माले पुनरावेदन पत्र दर्ता गराएका थिए ।

सोही पुनरावेदनका क्रममा सर्वोच्च अदालतबाट साधारण तारेख तोकिएको विषयलाई आधार मानी मधेश प्रदेशसभा नियमावली, २०८२ को नियम २१९ को उपनियम (५) बमोजिम शर्माको निलम्बन फुकुवा गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ ।












# आकस्मिक बाढीको शृंखला

-रसुवाको भोटेकोशीपछि गोरखाको बुढीगण्डकीमा आएको आकस्मिक बाढीले हिमालय क्षेत्रमा पहिरोले नदी थुन्ने र एक्कासि विनाशकारी बहाव सिर्जना गर्ने बढ्दो जोखिम उजागर गरेको छ। घटनाले सीमित पूर्वसूचना र नदी जल सतहमा आधारित विद्यमान प्रणालीको सीमा देखाउँदै भूउपग्रह निगरानी, वैकल्पिक मापन उपकरण र स्थानीय समुदायमा आधारित चेतावनी प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

जलवायु परिवर्तनसँगै यस्ता विपद्को सम्भावना र तीव्रता बढिरहेकाले विपद्पछि सक्रिय हुने अभ्यास त्यागी पूर्वतयारी, सुरक्षित पूर्वाधार, वैज्ञानिक अनुसन्धान र जलवायु वित्तमा तत्काल लगानी गर्नुपर्ने देखिन्छ। रसुवाको भोटेकोशीमा विनाशकारी बाढी आएको दुई महिना पनि नबित्दै गोरखाको बुढीगण्डकीमा आएको बाढीले फेरि हिमालय क्षेत्रको बढ्दो जोखिमबारे गम्भीर प्रश्न उठेको छ। यी घटनाको प्रकृति, उत्पत्ति र क्षतिको अवस्था उस्तै छैन। तर, छोटो समयमा विकसित हुने विपद्, अत्यन्त तीव्र बहावसहित तल्ला क्षेत्रका बस्तीमा पुग्ने र स्थापित पूर्वसूचना प्रणालीलाई चुनौती दिने विशेषताले यस्ता घटनाबीच महत्त्वपूर्ण समानता भने देखिएको छ। केही घण्टामै विकसित विपद्: बाढी पूर्वानुमान महाशाखाले २५ असोज बिहान जारी गरेको विज्ञप्तिले घटनाको प्रारम्भिक प्रकृति बुझ्न महत्त्वपूर्ण आधार दिएको छ।

विभागका अनुसार चुमनुब्री-६ स्थित बुढीगण्डकीको सहायक नदीतर्फबाट आएको आकस्मिक बाढीबारे बिहान ६ बजे प्रारम्भिक जानकारी प्राप्त भएको थियो। पछिल्लो २४ घण्टामा उक्त क्षेत्रमा छिटपुट मात्र वर्षा भएको पाइएकाले तत्कालको वर्षालाई बाढीको मुख्य कारण मान्न सकिने अवस्था देखिँदैन। प्रारम्भिक सूचना र भूउपग्रह तस्बिरहरूको अवलोकनका आधारमा पहिरोले नदी थुनेर बनेको अस्थायी अवरोध फुट्दा एक्कासि ठूलो बाढी आएको हुन सक्ने विभागको अनुमान छ। सञ्चारमाध्यमले पनि लोक्पा-चुम्लिङ आसपासका सहायक खोलामा पहिरो खसेर बहाव अवरुद्ध भएको स्थानीय विवरण सार्वजनिक गरेका छन्।

यस्तो अवस्थामा पहिरोले अस्थायी बाँध बनाउँछ, त्यसको पछाडि पानी र गेग्रान जम्मा हुन्छ। पानीको दबाब बढ्दै जाँदा वा अवरोध कमजोर हुँदा अस्थायी बाँध भत्किएर ठूलो बहाव एकै पटक तल झर्न सक्छ। नदी पुनः थुनिने र खुल्ने क्रम दोहोरिएमा एकपछि अर्को बाढीको लहर उत्पन्न हुन सक्छ। तत्काल पानी नपरे पनि पहिले नै परेको पानी वा हिमतालबाट आएको पानी जम्मा भएको हुन सक्छ। बुढीगण्डकीमा त्यस्तै प्रक्रिया भएको हुन सक्ने प्रारम्भिक संकेत छ। तर पहिरोको वास्तविक स्थान, परिमाण, नदी थुनिएको अवधि र पानी जम्मा भएको मात्रा तथा अवरोध हुनु र फुट्नुको कारण पत्ता लगाउन स्थलगत अध्ययन, भूउपग्रह विश्लेषण र जलवैज्ञानिक अनुसन्धानका साथै जलवायु परिवर्तनको असरको अध्ययन आवश्यक छ। ३ चरणमा बढेको जल सतहः यो विपद्को सबैभन्दा महत्त्वपूर्ण पक्ष बाढीको तीव्र वृद्धि र पटक-पटक घटबढ भएको जल सतह हो ।विभागको विज्ञप्तिअनुसार बुढीगण्डकी-आरुघाट बाढी मापन केन्द्रमा बिहान ६:३० बजे जल सतह २.२८ मिटरबाट बढेर ३.६६ मिटर पुगेको थियो। त्यस केन्द्रको सतर्कता तह ४.५० मिटर र खतरा तह ५ मिटर हो। बिहान ७:५० बजे जल सतह ५.०१ मिटर पुगेर खतराको तह नाघ्यो। त्यसपछि केही घटेको जल सतह फेरि तीव्र रूपमा बढ्यो। बिहान ८:३० बजे ६.२२ मिटर र केवल १० मिनेटपछि ८:४० बजे ८.४३ मिटर पुग्यो। यो मापन केन्द्रको सन्दर्भ सतहबाट नापिएको जल सतह हो, बाढीको छालको उचाइ भने होइन। यसरी बिहान केही घण्टाभित्रै कम्तीमा तीन चरणमा तीव्र वृद्धि देखियो। समनचारहरूमा स्थानीय प्रत्यक्षदर्शीले समेत नदी पटक-पटक थुनिने र खुल्ने गरेको अनुभव सुनाएका छन्। ईकान्तिपुरडटकममा प्रकाशित एक स्थानीयको विवरणमा यस्तो क्रम करिब ६ पटकसम्म देखिएको उल्लेख छ। यी अनुभव र मापन केन्द्रका अभिलेख एकआपसमा तुलना गर्नुपर्ने हुन्छ। अझ गम्भीर विषय, बिहान ८:४० बजेपछि बाढीले पुलसहित मापन केन्द्र नै बगायो। त्यसपछि विभागले उक्त केन्द्रबाट थप जल सतहको विवरण प्राप्त गर्न सकेन। जोखिम निगरानी गर्न स्थापित उपकरण नै बाढीमा नष्ट हुँदा वास्तविक जोखिमको अन्तिम अवस्था कसरी थाहा पाउने भन्ने प्रश्न महत्त्वपूर्ण छ। भोटेकोशीमा यस्तो बाढी मापन केन्द्र सुरुमा नै बगाएको थियो। विभागले प्रारम्भिक सूचना प्राप्त भएपछि बेनीघाटसम्म एसएमएस पठाएको, बिहान करिब ८ बजे फेसबुक लाइभमार्फत जोखिमबारे जानकारी दिएको र बिहान ९:२५ बजे पुनः सूचना सम्प्रेषण गरेको जनाएको छ। दुई चरणमा करिब दुई लाख एसएमएस पठाइएको विवरण छ।

स्थानीय प्रशासन र सुरक्षाकर्मीले जोखिमयुक्त बस्ती खाली गर्न सक्रियता देखाएका छन्। यी प्रयास महत्त्वपूर्ण छन्। तर बाढीको स्रोत नजिकका बस्तीमा बहाव केही मिनेटमै पुग्ने अवस्था भएमा तल्लो तटीय क्षेत्रमा सञ्चालित मापन प्रणालीको उपलब्ध गर्ने चेतावनी ढिलो हुन सक्छ। भोटेकोशीमा पनि यस्तै भएको थियो। यही वास्तविकताले पूर्वसूचनाको प्रभावकारिता र अनुकूलनको सीमा दुवै देखाउँछ। भोटेकोशीसँग देखिएको समानता : केही साताअघि कान्तिपुरमा प्रकाशित मेरो लेख 'भोटेकोशी विपद्पछिको जलवायु कूटनीति' मा रसुवाको विपद्ले देखाएको बदलिँदो हिमाली जोखिम र अनुकूलनको सीमाबारे चर्चा गरेको थिएँ। भोटेकोशीमा उच्च हिमाली क्षेत्रबाट चट्टान, बरफ, पानी र गेग्रानको विशाल बहाव उत्पन्न भएको थियो। वैज्ञानिक अध्ययनले तापक्रम वृद्धि, हिमनदीमा परिवर्तन, पर्माफ्रस्ट कमजोर हुँदै गएको अवस्था र भूगर्भीय अस्थिरताबीचको सम्बन्ध देखाएको थियो। त्यतिबेला बाढी




सात मिनेटमै करिब २२ किलोमिटर तल पुगेको थियो। बुढीगण्डकीको प्रारम्भिक विवरणले भने पहिरोले सहायक नदी थुनेर फुटेको सम्भावनालाई संकेत गर्छ। त्यसैले यी दुई घटनाको उत्पत्ति एउटै थियो भन्न मिल्ने प्रमाण अहिलेसम्म प्राप्त छैन। हालसम्म देखिएको क्षतिको परिमाण पनि भोटेकोशीको बाढीका बेलाभन्दा कमै देखिन्छ। तर दुवैमा आकस्मिक उत्पन्न भएको तीव्र पानीको बहाव, गेग्रानसहितको विनाशकारी बाढी, बस्ती तथा पूर्वाधारमा क्षति र सीमित पूर्वजानकारीको समय समान विशेषता हुन्। भोटेकोशीबाट सिकेको पाठ बुढीगण्डकीमा उपयोगी हुन सक्छ। तर एउटा घटनाको वैज्ञानिक निष्कर्ष अर्को घटनामा स्वतः लागू हुँदैन। बुढीगण्डकीमा भूगर्भीय अवस्था, पहिरोको इतिहास, तापक्रम वृद्धि, हिमनदीमा आएको परिवर्तन, अघिल्लो वर्षहरूमा भएका वर्षाको प्रभाव र नदीको बहावलगायत सम्बन्धी अध्ययन आवश्यक छ। जलवायु विज्ञानले के संकेत गर्छ ? विश्वव्यापी ताप वृद्धिसँगै बाढीपहिरोलगायतका मौसमी घटनाको सम्भावना र तीव्रता बढ्दै गएको वैज्ञानिक प्रमाण बलियो हुँदै गएको छ। अत्यधिक गर्मी र तीव्र वर्षाका धेरै घटना पहिलेभन्दा बढी दोहोरिने र अझ जटिल बन्दै गएका छन्। हिमालय क्षेत्रमा निरन्तर भइरहेको तापक्रम वृद्धिले हिमनदी, हिउँ, पर्माफ्रस्ट, चट्टान र जल प्रवाहको सम्बन्धलाई थप जटिल बनाइरहेको छ। मेरो आफ्नो अध्ययनले पनि जलवायु परिवर्तनका कारण देशका विभिन्न भूभागमा अत्यधिक गर्मी र भारी वर्षाका घटनाका सम्भावना र तीव्रता बढ्दै गएको देखाएको छ। रसुवाको भोटेकोशीपछि गोरखाको बुढीगण्डकीले विपद्पछि मात्र सक्रियता जनाउने अभ्यास पर्याप्त नभएको पुष्टि गरेको छ। किनकि, अर्को आकस्मिक बाढी आउनुअघि हामीसँग कति समय उपलब्ध हुनेछ, थाहा हुँदैन ।विभिन्न अध्ययनहरूले बुढीगण्डकीको पछिल्लो घटनाको कारण प्रमाणित नगरे पनि यसले विगतका जलवायु तथ्यांकका आधारमा मात्र भविष्यको जोखिम अनुमान गर्नु पर्याप्त नहुन सक्ने संकेत गर्छन्। विश्वव्यापी तापक्रम वृद्धि भइरहँदा सोहीअनुसारको जोखिम विश्लेषण गर्नुपर्ने आवश्यकता देखिन्छ। विशेषगरी धेरै वर्षा नभएको अवस्थामा समेत पहिरो, अस्थायी नदी अवरोध, हिमनदी वा अस्थिर हिमाली भूभागबाट आकस्मिक बाढी आउन सक्ने जोखिमलाई हाम्रो विपद् व्यवस्थापन प्रणालीमा समावेश गर्नुपर्ने आवश्यकता छ।

जलवायु परिवर्तनबारे अर्को चिन्ताजनक प्रश्न विश्वको तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसको सीमाभन्दा माथि जाँदा के हुन्छ भन्ने हो। वैज्ञानिक भाषामा तापक्रम ओभरसुट भनेको निर्धारित तापक्रम लक्ष्य अस्थायी रूपमा नाघेर पछि पुनः त्यसभन्दा तल ल्याउने अवस्था हो। तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसको सीमाभन्दा माथि जाने अवधि र मात्रा दुवैले जोखिम बढाउँछन्। जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी प्यानल ( आईपीसीसी) ले तापक्रम ओभरसुट हुँदा केही क्षति अपरिवर्तनीय हुन सक्ने चेतावनी दिएको छ।

साभार : कान्तिपुर।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday